त्रिभुवन विश्वविद्यालय
"सफल जीवनका लागि गुणस्तरीय शिक्षा"

# म्याग्दी बहुमुखी क्याम्पस

फूलबारी, बेनीबजार, म्याग्दी

स्था. २०४८

पत्र संख्या :
चलानी नं. :

मिति : २०७५/१२/२८

**विषय :-** स्नातक तह दोस्रो वर्षको परीक्षा फारम सम्बन्धि अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयका सम्बन्धमा त्रि.वि.को वार्षिक कार्यक्रम अनुसार स्नातक तह दोस्रो वर्ष( बी.ए./बी.बी.एस./बी.एड.)को परीक्षा फारम भरी परीक्षा नियन्त्रण कार्यालयमा पठाउनु पर्ने भएकोले यस क्याम्पसबाट उक्त परीक्षामा सहभागी हुने (नियमित/आंशिक र ३ वर्षे/४ वर्षे) परीक्षार्थीहरुले तपसिल अनुसारको प्रक्रिया पूरा गरी मिति २०७६/०१/१७ गतेसम्म फारम भरी परीक्षा शाखामा बुझाउनु हुन सूचित गरिन्छ । अगाडिका परीक्षाहरुमा झैं दोब्बर दस्तुर लिई २/३ दिन म्याद थप्ने प्रावधान त्रि.वि.ले पूर्ण रुपमा हटाएकोले तोकिएको अवधि भित्र फारम नभरी परीक्षा दिनबाट बञ्चित भएमा क्याम्पस जवाफदेही हुने छैन । प्रक्रिया नपुगेका र म्याद नाघी आएका फारम उपर कुनै कारबाही गरिने छैन ।

***तपसिल:***

1. भर्ना शुल्क - रु.४,८००।००-
2. मासिक शुल्क - रु. रु.१,०५०×१२ = १,२६००।००
3. परीक्षा फाराम शुल्क - रु.१,०००।००-
4. आन्तरिक परीक्षा शुल्क- रु.३००×३०० = ९००।००
5. सुधारात्मक कक्षा शुल्क प्रति विषय प्रति महिना रु ५००।०० (आन्तरिक परीक्षामा सहभागी नहुनेहरुका लागि रु. ६५०।००)
6. त्रि.वि.सेवा शुल्क - रु. ३००।००
7. प्रयोगात्मक परीक्षा शुल्क - रु.७००।०० अंग्रेजी/स्वास्थ्य (शिक्षा संकाय तर्फ)
8. प्रयोगात्मक परीक्षा शुल्क - रु.७००।००+७००।०० = १,४००।०० Sociology (मानविकी संकाय तर्फ)
9. क्याम्पसलाई बुझाउन बाँकी सबै शुल्क चुक्ता गरेको रसिद ।
10. हालसालै खिचेको साधारण खालको पासपोर्ट साइज फोटो - २ प्रति ।
11. परीक्षा फारम स्वयं भरी सबै प्रक्रिया पुऱ्याइ आफै सम्बन्धित शाखामा बुझाउनु पर्नेछ । यसमा अन्यथा भएमा क्याम्पस/सम्बन्धित शाखा जवाफदेही हुने छैन ।
12. संकाय/विभाग वा सम्बन्धित स.क्याम्पस प्रमुख/विभागीय प्रमुखहरुँग रुजु गराएर मात्र फारम बुझाउनु पर्नेछ ।
13. २०६९ सालमा भर्ना भई २०७० सालमा प्रथम पटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।
14. नियमित परीक्षा दिने परीक्षार्थीहरुले गतवर्ष दिएको प्रथम वर्षको रोल नम्बर र परीक्षा वर्ष परीक्षा फारमको माथि शिरमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
15. आंशिक परीक्षा दिने परीक्षार्थीहरुले परीक्षा आवेदन फारम भर्दा गत वर्ष सोही खण्डको परीक्षा दिएको रोल नं. र परीक्षा वर्ष फारमको माथि शिरमा अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।

क्याम्पस प्रमुख